


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २ गते बुधबार ❑ 16 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## लगानी प्रवर्द्धन, आर्थिक सहयोग र साझेदारी बढाउन प्रधानमन्त्रीको साउदी राजकुमारसँग आग्रह

**रासस**
**काठमाडौं १ चैत**



प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपालको औपचारिक भ्रमणमा रहनुभएका साउदी अरब अधिराज्यका विदेशमन्त्री राजकुमार फैसल बिन फहरान अल साउदले शिष्टाचार भेट गर्नुभएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा नेपाल र साउदी अरबबीचको सम्बन्धका विविध पक्ष, पारस्परिक हित एवं चासोका विस्तृत विषयका साथै बहुपक्षीय मञ्चमा सहयोग आदानप्रदान गर्नेबारेमा विचारविमर्श भएको थियो। प्रधानमन्त्रीले साउदी भिजन २०३० को सफलताको शुभकामना व्यक्त गर्दै नेपाली आप्रवासी कामदारको हित र दुई देशबीचको आर्थिक साझेदारी एवं सहयोगलाई थप सुदृढ गर्ने उपायबारे छलफल गर्नुभएको थियो। द्विपक्षीय सम्बन्धलाई थप सुदृढ तुल्याउने नेपाल सरकारको चाहना अभिव्यक्त गर्दै प्रधानमन्त्री देउवाले नेपालमा उपलब्ध लगानीका अवसरको उपयोग गर्न आग्रह गर्नुभएको थियो। उहाँले व्यापार, वाणिज्य र पर्यटन प्रवर्द्धनमा जोड दिनुभएको थियो।

कोभिड-१९ को महामारीका बेला साउदी सरकारले आफ्ना नागरिक सरह नेपालीप्रति देखाएको सद्भाव, औषधोपचार एवं खोपको व्यवस्था गरेकामा प्रधानमन्त्रीले आभार व्यक्त गर्नुभएको थियो। साउदी अरबबाट नेपाललाई प्राप्त विकास सहयोगले सकारात्मक परिवर्तन ल्याएको बताउँदै प्रधानमन्त्री देउवाले पर्यटन, भौतिक पूर्वाधार निर्माणलगायत तुलनात्मक लाभका क्षेत्रमा निजी क्षेत्रका लगानीकर्तालाई नेपालमा लगानीका निम्ति अभिप्रेरित गर्न विदेशमन्त्रीसाउदसमक्ष आग्रह गर्नुभएको भेटमा सहभागी एक अधिकारीले बताए।

नेपाली कामदारको हकहितको रक्षालगायत विदेशी कामदारलाई उपयुक्त र द्रुत कानूनी संरक्षणको अभावमा साउदीमा नेपालीले झेल्नुपरेका समस्याको उचित व्यवस्थापनका निम्ति शीघ्र श्रम सम्झौता गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभएकोथियो।प्रधानमन्त्रीको आग्रहलाई सकारात्मकरूपमा लिँदै साउदी राजकुमारले नेपालीको कामप्रतिको समर्पण, निष्ठा, इमान्दारीको मुक्तकण्ठले प्रशंसा गर्दै साउदी र नेपालीबीचको जनस्तरको सम्बन्धलाई नेपाली श्रमिकले सुदृढ एवं सुमधुर तुल्याएका बताउनुभएको थियो। मंगलबार दुवै देशका परराष्ट्रमन्त्रीबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता भयो। दुई परराष्ट्रमन्त्रीले सहयोगात्मक द्विपक्षीय सम्बन्धका विविध क्षेत्रका बारेमा छलफल गर्दै वैदेशिक रोजगारी, नेपाली आप्रवासी कामदारको हित, हजयात्रीको सङ्ख्या वृद्धि, सम्बन्ध सुदृढीकरणलगायत पारस्परिक लाभका क्षेत्रमा सहयोगका सम्भावनाहरू खोजिनुपर्नेमा जोड दिनुभएको थियो। आर्थिक साझेदारीका साथै बहुपक्षीय मञ्चहरूमा सहयोग आदानप्रदान गर्न उहाँहरूबीच सहमति भएको छ। परराष्ट्र मन्त्रालयमा भएको द्विपक्षीय वार्तापछि परराष्ट्रमन्त्रीद्वयले पारस्परिक सहयोग अभिवृद्धि गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो। आपसी सम्झौता भएसँगै नेपाल र साउदी अरबबीच सञ्चार, शिक्षा, संस्कृति, उद्योग, खेलकुदलगायत क्षेत्रमा सहकार्य गर्न सहज भएको छ। उक्त सम्झौता द्विपक्षीय सहमतिमा कार्यान्वयन गरिने परराष्ट्र मन्त्रालयले जनाएको छ। साउदी राजकुमार नेतृत्वको प्रतिनिधिमण्डलको सम्मानमा परराष्ट्रमन्त्री डा नारायण खड्काले दिवाभोज आयोजना गर्नुभएको थियो। नेपाल र साउदी अरेबिया बीच १५ मार्च १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुवै देशबीचको सुमुधर सम्बन्ध

बाँकी अन्तिम पृष्ठमा ▶▶

## समाज रुपान्तरणमा लोकतान्त्रिक खेलकुद संघको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा १ चैत**




गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले समाज रुपान्तरणमा लोकतान्त्रिक खेलकुद संघको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ। लोकतान्त्रिक खेलकुद संघ कास्कीले आयोजना गरेको पोखरा महानगरपालिका कमिटी गठन कार्यक्रमलाई उदघाटन गर्दै उहाँले देशको भविष्य अब युवाहरुको काँधमा रहेको उल्लेख गर्नुभयो।

'देशको भविष्य अब युवाहरुको काँधमा छ', उहाँले भन्नुभयो, 'तपाईहरुको भविष्यसँग नै देशको भविष्य जोडिएको छ।' मन्त्री थापाले शारिरिक एवम् मानसिक स्वस्थताका लागि खेलकुद अपरिहार्य रहेको उल्लेख गर्नुभयो। खेलाडी देश परिवर्तनका सम्बाहक हुन भन्दै उहाँले खेलकुदका क्षेत्रमा सम्भावना समेत बढ्दै गएको बताउनुभयो। गण्डकी सरकारले पनि खेललाई महत्वपूर्ण विषयको रुपमा हेरेको भनाई उहाँको छ। मन्त्री थापाले गण्डकी विश्वविद्यालय गठन गरेको र विश्वविद्यालयमा खेलकुदका विषयमा समेत पढाई हुने जानकारी गराउनुभयो।

उहाँले खेलमैदान निर्माण देखि खेलाडीलाई प्रोत्साहन गर्ने सम्मका क्रियाकलापमा गण्डकी सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले सुदृढ काँग्रेस निर्माणका लागि भातृसंगठनले खेल्ने भूमिका महत्वपूर्ण हुने बताउनुभयो। 'काँग्रेसलाई बलियो र सुदृढ बनाउने विषयमा भातृसंगठनहरुको भूमिका समेत प्रभावकारी रहन्छ', उहाँले भन्नुभयो, 'तीनै तहको निर्वाचन आउँदैछ,आफ्नो सक्रियता बढाई काँग्रेसलाई जिताउने अभियानमा लागौं।' नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले खेलाडी परिवर्तनका सम्बाहक भएको बताउँदै देश निर्माणको चित्र कोर्ने शक्ति युवामा रहेको उल्लेख गर्नुभयो। उहाँले नेता कर्मका कारण हुने र समाजलाई फरक तरिकाबाट सोच्नुपर्ने आवश्यकता आजको भएको बताउनुभयो। कास्की काँग्रेसका पूर्वसभापति कृष्ण केसीले लोकतान्त्रिक खेलकुद संघ खेलकुदको मात्र संस्था नभई राजनीतिक तवरले समेत जोडिएको संस्था भएको बताउनुभयो। आगामी तीनै तहको निर्वाचनमा कुनै पनि हालतमा काँग्रेसले जित्नुपर्ने भनाई उहाँको छ। काँग्रेस नेतृ शारदा पौडेलले लोकतान्त्रिक खेलकुद संघले युवाहरुलाई परिचालित गराई समाज रुपान्तरणको बाटोमा अग्रसरता लिएको बताउनुभयो। नेपाली काँग्रेस पोखरा महानगरपालिका सभापति सुरेन्द्रमान बिजुक्छेले भातृसंगठनहरु बलियो भए मात्र काँग्रेस बलियो हुने तर्क प्रस्तुत गर्नुभयो। नेपाल लोकतान्त्रिक खेलकुद संघ केन्द्रका सभापति देवेन्द्र शेरचन लोकतान्त्रिक खेलकुद संघका खेलाडीहरुलाई व्यवस्थापन गर्न नसक्दा विचलित हुने अवस्थाको सिर्जना हुँदै गएको बताउनुभयो। उहाँले काँग्रेसका शिर्ष नेताहरुले भातृसंगठन संरक्षणमा ध्यान पुर्याउनुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ। पत्रकार गंगाधर पराजुलीले जिल्ला खेलकुद विकास समिति र प्रदेश खेलकुद विकास समितिमा काँग्रेसका युवाहरु नपर्नु दुख लाग्दो अवस्था भएको बताउनुभयो। यस्ता समस्यालाई समाधान गर्नुपर्ने आवश्यकता रहेको भनाई उहाँको छ। नेपाल लोकतान्त्रिक खेलकुद संघ कास्कीका उपसभापति मिलन गुरुङले स्वागत गरेको कार्यक्रमबाट संजय कुमार अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति गठन भएको छ।

## गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नेवारी भाषा प्रशिक्षण कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा १ चैत**

गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नेवारी भाषा प्रशिक्षण कार्यक्रम पोखरामा सुरु भएको छ।

एक महिनासम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा १० वर्ष देखि ४७ वर्ष सम्मका ३० जना प्रशिक्षार्थीको सहभागीता रहेको छ। पोखराको पृथ्वीचोकमा एक कार्यक्रमको आयोजना गरेर प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरियो। नेवा खल पृथ्वीचोकका अध्यक्ष केदार प्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखे, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, नेवा खल पृथ्वीचोकका निवर्तमान अध्यक्ष मिमलाल श्रेष्ठ, मिस पुच जिल्ला उपाध्यक्ष लक्ष्मी मुल्मीले प्रशिक्षण कार्यक्रमको बारेमा आफ्ना भनाइ राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन उत्सव मुल्मीले गर्नुभएको थियो। नेवारी भाषा प्रशिक्षण कार्यक्रमको प्रशिक्षकमा विक्रम उदास र मधुसुदन जोशी रहनुभएको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानले स्थापित जाती विस्तापित भाषा नाम दिएर यो प्रशिक्षण कार्यक्रम सुरु गरेको हो। माग भएका ठाउँमा भाषा प्रशिक्षण कार्यक्रम गर्ने योजना प्रतिषठनले बनाएको छ। जस अनुसार तामाङ भाषाको प्रशिक्षण चैत्र ७ गतेबाट र दुरा भाषाको प्रशिक्षण चैत्र १० गतेबाट आयोजना गर्ने तय भइसकेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो। प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्न निरन्तर कार्य गर्ने श्रेष्ठले बताउनुभयो।

## सूर्योदय र सूर्यास्त दर्शन गर्न अन्नपूर्ण केलवकार

**पोखरापत्र संवाददाता**
**पोखरा १ चैत**



पोखराको अन्नपूर्ण केवलकार पुनः संचालनमा आएको छ। ६ दिन बन्द भएको केवलकार मंगलबारबाट नियमित तथा पूर्ण रुपमा संचालनमा आएको केवलकारका महाप्रबन्धक दिनेश पौडेलले बताए।

फागुन ६ देखि २४ गतेसम्म सफ्टओपनीङको रुपमा संचालन आएसंगै नियमित मर्मत संहारको लागि केही दीन स्थगित भए पनि मंगलबारबाट पूर्ण रुपमा बिहान ५:०० बजेदेखि साँझ ६:०० बजेसम्म नियमित रुपमा केवलकारको सेवा सञ्चालन भएको उनले जनाए। सराङकोटबाट सूर्योदय र सूर्यास्त दर्शन गर्न अन्नपूर्ण केलवकार एक सहयोगी माध्यम हुने भएको महाप्रबन्धक पौडेलले बताए। उक्त केवलकारबाट फेवाताल, अन्नपूर्ण, माछापुच्छे, हिमचुली लगायतका हिमाल श्रृखला, पुम्दीकोट बिशाल महादेवको मुर्ति, विश्व शान्ति स्तुपाः, पोखरा लगायतको मनोरम दृश्य अवलोकन गर्न सकिने भएको उनले दाबी गरे। करिब २ अर्बको लगानीमा हालै सञ्चालनमा आएको केवलकारले नेपालीहरुका लागि प्रति व्यक्ति ७ सय, सार्क राष्ट्रका पर्यटकका लागि ८ सय र तेस्रो मुलुकका नागरिकका लागि ९ डलर शुल्क निर्धारण गरेको कम्पनीले जनाएको छ।

उक्त केवलकारले विद्यार्थीका लागि २५ प्रतिशत छुट, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि भने भाडामा ५० प्रतिशत छुटको व्यवस्था समेत गरेको केवलकारका निर्देशक एवं संचालक तिर्थराज त्रिपाठीले बताए। केवलकारमा जेनेरेटर स्टलेसन गर्नको लागि केही दीन स्थगीत भएको केवलकार अब देखि नियमित रुपमा संचालनमा आउने उनले दाबी गरे। केवलकार संचालनको १९ दिनमा करिब ३ हजार भन्दा बढी पर्यटकहरु भित्रिएको त्रिपाठीले जनाए। पोखरा महानगरपालिका-१८ को सेदी बगरमा तल्लो स्टेसन निर्माण भएको अन्नपूर्ण केवलकार सराङकोट डाँडासम्म करिब २.४ किलोमिटर दुरी टाडामा हाल १८ वटा गुण्डला जडान भएको छ। प्रति डिब्बामा ८ जनाको सिट क्षेमता रहेको छ भने प्रति घण्टा ५ सय जना यात्रु ओहोर दोहोर गर्न सकिने भएको कम्पनको दाबी छ। केबलकारमा युवा व्यवसायि कालु गुरुङ सहितका नेपाली व्यवसायी, पूर्व जापानी नागरिक टाकासी मियाहारा र स्थानीयको लगानी रहेको प्रालिले जनाएको छ। उक्त केवलकार संचालन भएसंगै वरिपरी विभिन्न होटल तथा रेष्टुरेण्टहरु धमाधम निर्माण हुन थालेका छन।

केवलकारका प्राविधिक प्रदीप नकर्मीले नोपलमा हालसम्मकै अत्याधुनिक प्रविधिले जडान भएकोले पूर्ण रुपमा सुरक्षित र सेफ्टी हुने दाबी गरे। जेनेरेटर ब्याकअफ सहित आफुहरुसंग रेस्क्यू टिम समेत तयारी अबस्थामा रहेको उनले जनाए।



# विश्व उपभोक्ता अधिकार दिवस: ढक-तराजुबाटै ठगिँदै उपभोक्ता

–ध्रुवसागर शर्मा
म्याग्दी, १ चैत

मार्च १५ अर्थात् विश्व उपभोक्ता अधिकार दिवस । 'सुरक्षित र समावेशी विद्युतीय कारोबार, उपभोक्ताको अधिकार' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ यो दिवस मनाइँदै छ।

सन् १९६२ मार्च १५ का दिन अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले प्रस्तुत गरेको सुरक्षा, सूचना, छनोट र सुनुवाइलाई उपभोक्ताका चार अधिकारका रूपमा घोषणा गरिएपछि यसैको सम्झनामा यो दिवस मनाइँदै आएको हो । त्यसपछि सन् १९८५ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाबाट थप आठ अधिकारसहितको अनुबन्ध पारित भएको थियो।

सोही आधारमा प्रत्येक राष्ट्रले उपभोक्ता सम्बन्धी कानुन जारी गरेका हुन् । हामीले बजारबाट खरिद गर्ने सामान जोख्ने ढक-तराजुले सही मापन गर्‍यो कि गरेन भनेर कहिल्यै पनि सोचेका हुदैनौं । पसलेले तौलकै भरमा सामान किन्दा ठगिने गरेका प्रशस्तै उदाहरण हुँदाहुँदै पनि उपभोक्ताले ध्यान नदिँदा यो क्रम अझै बढेर गएको छ।

दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर खरिद-बिक्री हुने भएपनि त्यसमा प्रयोग हुने ढक-तराजु भने नियमनबाहिर रहेको पाइएको छ। गुणस्तर तथा नापतौल विभागको निष्क्रियताले बजारमा नवीकरण नभएका र नापतौल नै प्रमाणित नभएका ढक-तराजु मात्रै होइन, प्रतिबन्धित ढक-तराजुले पनि सामान तौलने गरिएको बजारमा देखिने गरेपनि सम्बन्धित निकायले चासो नदिँदा उपभोक्ता ठगिन बाध्य भएका हुन् । नेपालमा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ बमोजिम वस्तु वा सेवा खरिद वा उपभोग गर्ने प्रत्येक उपभोक्तालाई विभिन्न अधिकार प्रत्याभूति गरिएको भए पनि उपभोक्ता ती अधिकार प्रयोग गर्नबाट वञ्चित भएका छन् । हिमाली जिल्ला म्याग्दीमा दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर किनबेच हुने भए पनि त्यसको तौल लिन प्रयोग हुने अधिकांश ढक-तराजु पनि अवैधरूपमा प्रयोग भइरहेका छन्। गुणस्तर तथा नापतौल डिभिजन कार्यालयको निष्क्रियताले बजारमा नवीकरण नभएका, नापतौल प्रमाणित नभएका र प्रतिबन्धित ढक-तराजुले सामान तौलने गरिएको पाइएको छ।

यसबाट व्यापारी मोटाइ रहेका छन् भने उपभोक्ता दिनहुँ ठगिरहेका छन् । त्यसैगरी एउटै सामानको मूल्य पसलैपिच्छे फरक-फरक हुँदा एउटै सामानको तीन थरी मूल्य तिर्न उपभोक्ता बाध्य छन् । व्यवसायीले सामान तौलने प्रयोजनका लागि खरिद गरेका ढक-तराजु परीक्षणबिना प्रयोग गर्न बन्देज छ । तर, उपत्यकामा ५० प्रतिशतभन्दा बढी व्यवसायीले परीक्षण नगराएको गुणस्तर तथा नापतौल विभागले जनाएको छ। परीक्षण नगरिएका ढक-तराजुबाट उपभोक्ता ठगिने सम्भावना रहने उपभोक्ता मञ्च म्याग्दीले जनाएको छ।

त्यस्तै उपभोग्य वस्तुमा हुने मिसावट र बजारमा हुने कालोबजारीले उपभोक्ता भने सधैँ मारमा पर्ने गरेको सचेत उपभोक्ताको गुनासो छ। अर्थशास्त्र विषयका प्राध्यापक तथा म्याग्दी बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख कृष्णबहादुर थापाले स्वच्छ उपभोग्य वस्तु तथा सेवा उपभोग गर्न पाउनु उपभोक्ताको अधिकार भए पनि उपभोग्य वस्तुमा हुने मिसावटले उपभोक्ताको स्वास्थ्य जोखिममा पर्ने गरेको बताउनुभयो । जिल्ला बजार अनुगमन समिति म्याग्दीले गत दसैँको अवसरमा गरेको बजार अनुगमनका क्रममा बजारमा प्रयोगमा रहेका ५५ प्रतिशतढक-तराजुमापदण्डविपरीत रहेको पाइएको बताएको थियो। अनुगमनका क्रममा बेनी बजार क्षेत्रका मासु व्यवसायी, तरकारी तथा फलफूलका व्यापारीले प्रमाणीकरण नगरिएका अवैध भारतीय ढक र तराजु प्रयोग गरेको समेत भेटिएको थियो । जिल्ला प्रशासन कार्यालय म्याग्दीका एक अधिकारीले नापतौलमा उपभोक्तालाई ठगी गर्ने व्यवसायीलाई कारवाही गरिने बताउनुभयो । उहाँले ढक, तराजुबाट उपभोक्तालाई ठगी गरिरहेको प्रशस्त प्रमाण फेला परेकाले अब थप बजार अनुगमनलाई कडाइ गरिने जानकारी दिनुभयो । मासु, फलफूल, तरकारीलगायत अन्य सामान सडकमा राखिएका पसलबाट किन्दा ठगिने गरे पनि उपभोक्तामा त्यसविरुद्ध सम्बद्ध निकायमा उजुरी गर्नुपर्छ भन्ने जानकारी नभएकाले ठगिनुपरेको अधिकारकर्मीको बुझाइ छ । कानुनी दायराभन्दा बाहिर रही व्यापारीबाट ठग्ने क्रम जारी रहे पनि त्यसलाई रोक्न सरोकारवाला निकायले कडाइ नगरे उपभोक्ता ठगिने क्रम नरोकिने उपभोक्ता अधिकार मञ्च म्याग्दीका अध्यक्ष ठहरबहादुर भण्डारीले बताउनुभयो।

अधिकारकर्मीका अनुसार व्यवसायीले ढक नै कम तौलको बनाएर उपभोक्ता ठगिरहेका छन् । एक किलोको ढकमा एक हजार ग्राम हुन्छ तर ९०० ग्राम मात्रै राखिएको ढकलाई एक किलो भन्दै सामान तौलने गरिएको विभिन्न अनुगमन रिपोर्टले देखाएको छ। त्यसैगरी एउटै सामानको मूल्य प्रत्येक पसलमा अलग अलग तिर्नुपर्दा उपभोक्ता अन्योलमा पर्ने गरेका छन्। आइतबार बगरफाँटको एक पसलबाट रु ९० मा एक किलो चिनी किनेका उपभोक्ता तेजप्रसाद पौडेलले गाउँको पसलबाट रु ९५ मा किनेको बताउनुभयो । उपभोक्ता अधिकारलाई नेपालको संविधानको धारा ४४ मा मौलिक हकका रूपमा राखिएको छ । तरपनि व्यवहारमा भने उपभोक्ता सधैँ ठगिरहनुपरेको सरोकारवालाको बुझाइ छ।

उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिने भनेर संविधानमा नै उल्लेख गरिएको भए पनि यसको कार्यान्वयनको अवस्था भने दयनीय देखिएको म्याग्दीका उपभोक्ता श्याम सापकोटाले बताउनुभयो । व्यवसायीले ढक नै कम तौलको बनाएर उपभोक्ता ठगिरहेका छन् । इलेक्ट्रोनिक्स तराजुमा सामान राखेपछि कति तौल भयो भनेर माथिपट्टि राखिएको इन्डिकेटरमा रातो अक्षरले देखाउँछ।

तराजुको सामान राख्न बनाइएको समतल भागमा जति तौलको सामान राख्यो, इन्डिकेटरले त्यति नै तौल देखाउनुपर्ने हो। तर, व्यवसायीले क्यालिब्रेसन परीक्षण गराउँदै २० देखि ५० ग्रामसम्म बढी बनाउने गरेका छन् । यसो गर्दा यदि क्यालिब्रेसनमा ५० ग्राम बढी बनाइएको छ भने ४५० ग्राम बराबरको वस्तु राख्दा सो तराजुले पाँच सय ग्राम (आधा किलो) परिमाण देखाउँछ।

त्यसैगरी ठेला वा साइकलमा फलफूल बिक्री गर्ने धेरै व्यापारीले दुईतिर पल्ला भएको काँटावाला तराजु प्रयोग गर्छन् । तराजुको दुईतिर रहेको पल्लाको तौल बराबर हुनुपर्छ । तर, व्यापारीले एउटा गह्रौं र अर्को तुलनात्मक रूपमा हलुका पल्ला प्रयोग गर्छन् । हलुका पल्लामा ढक र गह्रौं पल्लामा फलफूल राख्छन् । गह्रौं पल्लामा थोरै फलफूल राख्दा पनि धेरै हुन्छ र उपभोक्ता ठगिने अधिकारकर्मीले बताएका छन्।

# महोत्सवमा पशुपति र प्रिती आलेका गीतमा दर्शकहरु छमछमती

पोखरापत्र संवाददाता
पोखरा १ चैत

लेखनाथमा जारी १७ औं संस्करणको लेखनाथ महोत्सवमा मंगलबार १५ हजार दर्शकले अवलोकन गरेका छन्। यसैगरी २७ लाख रुपैयाको कारोबार भएको प्रचार प्रसार उपसमितिका संयोजक गोपीचन्द्र बास्तोलाले जानकारी दिए।

आधा दर्जन गीत संगीतमा प्रस्तुती दिएका चर्चित लोकदोहोरी गायक पशुपति शर्मा दर्शकहरुका विचमा लोकप्रिय बने । उनले लुटन सके लुट कान्छा, लुट्न सके लुट भन्ने गीत प्रस्तुत गर्दा दर्शकहरुले समर्थनमा हुटिङ गरेका थिए। उनले आफ्ना चर्चित आधा दर्जन गीतबाट महोत्सवका दर्शकहरुलाई मनोरञ्जन दिलाएका थिए। गायक शर्मा र लोकदोहोरी गायीका प्रिती आलेका विच केही समय दोहोरी व्याटल समेत भएको थियो। शर्मा र आले सँगै गायीका सरस्वती लामिछाने र बालचन्द्र बरालले समेत मनोरञ्जन दिलाएका थिए । महोत्सवमा डायमण्ड मा.वि र लेकसिटी एकेडेमी एण्ड मण्टेश्वरीका



विद्यार्थीहरुले सामुहिक नृत्य प्रस्तुत गरेका थिए भने शिशुवा सतसंगको टोलीले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । महोत्सवको अर्को आकर्षणको रुपमा रहेको रत्यौलीमा विश्वकर्मा आमा समूह पोखरा २८ र नमूना कृषक आमा समूह पोखरा २६ को प्रस्तुती रहेको थियो । महोत्सवमा राखिएका प्राय सवै स्टलबाट सन्तोषजनक व्यापार भएको संघका अध्यक्ष एवं महोत्सव मुल आयोजक समितिका संयोजक छत्रधर आत्रेयले जानकारी दिए। महोत्सवमा फेन्सी, गार्मेन्ट तथा भाडाका स्टलहरुमा उल्लेख्य व्यापार भएको व्यवसायीहरुले बताएका छन् । होटल तथा रेष्टुरेण्टमा पनि सन्तोषजनक व्यापार भएको रेष्टुरेण्टवालाले बताए । महोत्सव आधा आधी तर्फ उन्मुख भैरहँदा प्रतिकुल मौसमका बावजुद पनि दर्शकहरुको उत्साहजनक उपस्थिति रहेको अध्यक्ष आत्रेयको भनाई रहेको छ।

महोत्सव कोभिड विरुद्धको भ्याक्सिनेसन स्थल समेत बनेको छ । मंगलबारसम्म एकसय ३७ जनाले कोभिड विरुद्धको भ्याक्सिन लगाएका छन् । महोत्सवको वुधबारको आकर्षणमा प्रमोद खरेल रहेका छन् । यसैगरी लोकदोहोरी तर्फ प्रजापति पराजुली र राजन गुरुङ्ग एवं शिला आले र मिना नेपालीलाई आयोजकले स्टेजमा उतार्ने तयारी गरेका छन्।

महोत्सवमा कृषिजन्य स्थानीय उत्पादन देखी अटो, सूचना प्रविधि, खाद्य, लत्ताकपडा, सेवा सुचना लगायतका तीन सय भन्दा बढी स्टल रहेका छन् । महोत्सव चैत्र सात गतेसम्म संचालन हुनेछ।

# कालीगण्डकीमा जलविहारको सम्भाव्यता अध्ययन

पोखरापत्र संवाददाता
दमौली, १ चैत

तनहुँको घिरिङ गाउँपालिकाले कालीगण्डकी नदीमा जलविहार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरेको छ । पोखरास्थित प्याडल नेपालको प्राविधिक सहयोगमा गाउँपालिकाले सम्भाव्यता अध्ययन गरेको हो।

गाउँपालिकालाई पर्यटनको माध्यमबाट विकास गर्ने उद्देश्यसहित जलविहार सञ्चालन गर्ने सोच बनाइएको अध्यक्ष रनबहादुर रानाले जानकारी दिनुभयो। " जलविहारको व्यवस्था गरेर पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित सम्भाव्यता अध्ययन गरेका हौँ, अध्ययन सफल भएको र यहाँ जलविहार यात्रा गर्न सकिने निष्कर्ष निकालिएको छ", उहाँले भन्नुभयो, "यसलाई व्यवस्थित गरेर जलविहार यात्रा सञ्चालन गर्छौं।"

गाउँपालिकाले यसका लागि रु १५ लाख बजेट विनियोजन गरेको छ। घिरिङ -१ बैडीबाट घिरिङ -४ करुवाटारसम्म जलविहार सञ्चालन गरिने जनाइएको छ। यसअघि घिरिङसँग सिमाना जोडिएको चापाकोट, बौदीकालीको संयुक्त पहलमा जलविहार सञ्चालन गर्न खोजिए पनि सम्भव भएको थिएन। जलविहार गर्न आउनेलाई बास बस्नका लागि घरबास पनि सञ्चालन गरिएको छ । पुङ्डारको घरबास, दृश्यावलोकन केन्द्रलगायतलाई जोडेर जलविहार सञ्चालन गर्ने लक्ष्य लिइएको अध्यक्ष रानाले बताउनुभयो । "गाउँपालिका र प्रदेश सरकारको संयुक्त प्रयासमा गोफा खोला थुनेर कृत्रिम ताल पनि बनाउँदैछौं, घिरिङमा रहेका सबै पर्यटकीय क्षेत्रलाई एकीकृत गरी जलविहार यात्रा सुरु गर्छौं", उहाँले भन्नुभयो, "यसले समग्र पालिकाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्छ।"

# म्यादी प्रहरीका लागि दरखास्त आह्वान

रासस
काठमाडौं, १ चैत

स्थानीय तह निर्वाचनका लागि म्यादी प्रहरीमा भर्ना खुलेको छ । नेपाल प्रहरीको मानवस्रोत एवं प्रशासन विभाग भर्ना छनोट महाशाखाले आज सूचना जारी गर्दै म्यादी प्रहरी भर्नाका लागि आवेदन आह्वान गरेको हो।

'स्थानीय तह निर्वाचन, २०७९ का लागि म्यादी प्रहरी भर्ना गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकबाट स्वयं उपस्थित भई दरखास्त आह्वान गरिन्छ', सूचनामा उल्लेख छ । म्यादी प्रहरीमा एक लाख भर्ना गरिने बताइएको छ । सार्वजनिक बिदा बाहेक यही चैत ६ देखि ११ गतेसम्म भर्नाका लागि दरखास्त दिन सकिने जनाइएको छ । महानगरीय प्रहरी परिसर (काठमाडौँ, ललितपुर, भक्तपुर) तथा जिल्ला प्रहरी कार्यालयमा दरखास्त फारम बुझाउन सकिने छ । दरखास्तका लागि नेपाली नागरिक भएका, नैतिक पतन देखिने फौजदारी अभियोग नलागेका, कसुरदार ठहर नभएका, शारीरिक तथा मानसिक रुपले तन्दरुस्त, साधारण लेखपढ गर्न जान्ने तथा प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को अनुसूची ३ मा उल्लेख भए बमोजिमको हुनुपर्ने उल्लेख छ। मुख्यगरी सुरक्षा निकायमा गत साउनदेखि विभिन्न पदमा भर्नाका लागि आवेदन दिई शारीरिक तन्दरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भई प्रवेशपत्रको प्रतिलिपि पेस गर्ने, पूर्वसुरक्षाकर्मी तथा पूर्ववनरक्षक, विगतका निर्वाचनमा म्यादी प्रहरीको रूपमा भर्ना भई सन्तोषजनक कार्य गरेकालाई प्राथमिकता दिइने भएको छ। दरखास्तका लागि यही चैत १३ गते सम्पर्क गर्न भनिएको छ भने चैत १५ गतेदेखि छनोट प्रक्रिया सुरु गरिने सूचनामा उल्लेख छ। अन्तिम नतिजा भने यही २२ गते सार्वजनिक हुनेछ । चैत २८ गते प्रशिक्षण दिइने छ । म्यादी प्रहरीको कार्यावधि ४० दिनको हुने छ । उनीहरूलाई जम्मा तलब रु ३० हजार २४०, खाद्यान्नबापतको एकमुष्ट रु सात हजार २०० र अन्य पोसाक तथा सामान खरिद गर्नेगरी प्रतिव्यक्ति रु ६ हजार उपलब्ध गराइने छ । निर्वाचनका क्रममा म्यादी प्रहरीलाई खटिएको ठाउँमा आउन जान तयारी स्वरुप प्रतिम्यादी प्रहरी (एक पटकका लागि) रु एक हजार दिइनेछ। बीमा लगायतका अन्य सुविधा नेपाल सरकारले तोकेअनुसार हुने सूचनामा उल्लेख छ।

# कांग्रेस सहभागी नभए वाम गठबन्धन हुन सक्छ : मन्त्री खतिवडा

पोखरापत्र संवाददाता
गोरखा, १ चैत

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले आसन्न स्थानीय तहको निर्वाचनमा कांग्रेससँग गठबन्धन नहुने स्थिति आए वाम गठबन्धन हुनसक्ने बताउनुभएको छ।

गोरखा अस्पतालको नवनिर्मित भवनको उद्घाटनपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री खतिवडाले संविधानको रक्षाका लागि गरिएको वर्तमान गठबन्धनको निरन्तरता आफूहरूको पहिलो प्राथमिकताको विषय भएको उल्लेख गर्नुभयो । "अहिलेको मुख्य आवश्यकता र प्राथमिकता कांग्रेससहितको गठबन्धन नै हो", उहाँले भन्नुभयो, "यदि कांग्रेस गठबन्धनमा नजाने परिस्थिति आए वाम गठबन्धन हुन्छ।" एमालेसँग भने गठबन्धन हुन नसक्ने मन्त्री खतिवडाले उल्लेख गर्नुभयो।

देशको राजनीतिक आवश्यकताले कांग्रेससँगको वर्तमान गठबन्धन निर्माण भएको उल्लेख गर्दै उहाँले निर्वाचनसम्म यसैलाई निरन्तरता दिएर अघि बढ्नुपर्नेमा आफूहरूको जोड रहेको बताउनुभयो । "एकीकृत समाजवादी वर्तमान गठबन्धनलाई निरन्तरता दिएर अघि बढ्न चाहन्छ", मन्त्री खतिवडाले भन्नुभयो।

# २३६ किसानलाई अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

पशुपन्छी तथा माछापालन गरिरहेका बागलुङका २३६ किसानले अनुदान पाएका छन्।

बागलुङ नगरपालिकाले पशुपन्छी तथा माछापालन गरेर गुजारा चलाउँदै आएका २३५ किसान र एक सहकारीलाई एकै पटक अनुदान रकम उपलब्ध गराएको हो । बागलुङ नगरपालिका-४ ओडारचौरमा रहेको श्री कृष्ण गाई भैँसी फार्म उद्योगमा २०० किसान जम्मा गरेर नगरपालिकाको पशु शाखाले किसानलाई नगद तथा चेक सोमबार उपलब्ध गराएको हो । दूध तथा मासुको उत्पादन बढाउनका लागि पाडापाडी संरक्षण कार्यक्रमअन्तर्गत १४ किसान र एक सहकारीले हुर्काइरहेका पाडापाडीका लागि अनुदान उपलब्ध गराइएको छ । अनुदान पाउने एकमात्रै सहकारी वडा नं ११ को जैविक कृषि सहकारी हो । प्रतिपाडापाडी रु १० हजारका दरले किसानलाई अनुदान उपलब्ध गराइएको हो । श्री कृष्ण गाईफार्मले मात्रै १८ वटा पाडापाडी एकै ठाउँमा हुर्काइरहेको छ। त्यस्तै मासुकै उत्पादनको लागि १०० किसानले अनुदान पाएका छन्। प्रतिबाख्रा रु छ हजारका दरले किसानले अनुदान पाएका हुन्।


## Invitation for Bids
## INF Nepal Green Pastures Hospital
**Pokhara-15, Kaski, Gandaki Province, Nepal**

INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Bids for the Supply, Delivery and Installation of Electrical System and Earthing System**
**First Date of Publication: 3rd March, 2022**
**Second Date of Publication: 16th March, 2022**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites sealed bids from eligible bidders for the Supply, Delivery and Installation of Electrical System and Earthing System.
2. Bidding documents are available at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski. Interested bidders shall obtain the bidding documents from the administration office or can email to info.gph@nepal.inf.org and deposit the cost of bidding document of NRs 2,000 in the following bank:
   **Name of the Bank: Sanima Bank Limited** **Bank Branch: Pokhara Branch**
   **Name of Office: INF Nepal Green Pastures Hospital** **Bank Account No.: 006010010000155**
3. Interested bidders shall submit the bids to INF Nepal Green Pastures Hospital on or before 16:00 PM on 25, March 2022. Bids received after this deadline will be rejected.
4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
5. The bidders shall submit the copy of PAN/VAT Registration, Company/Firm Registration and Tax Clearance of FY 2077-78.
6. Eligible Bidders may obtain further information at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per purchasing policy of INF Nepal Green Pastures Hospital; the office of INFGPH reserves the right to correct, amend or reject the tender process at any time.
8. For further information, email to: info.gph@nepal.inf.org or Tel 977 61 430640.